# कार्यपालिकाको चौथो बैठकका निर्णयहरु

**निर्णय नं.१**:- नगर कार्यपालिकाको विगतका बैठकहरुले गरेका निर्णय कार्यान्वयन अवस्थाको समीक्षा गरियो ।

**निर्णय नं.२**:- यस नगरपालिका अन्तर्गतका १-९ सम्मका वडामा रहेका मतदान केन्द्रहरु आगामी संघीय / प्रादेशिक निर्वाचन प्रयोजनका लागि परिवर्तन वा थपघट गर्नुपर्ने वा नपर्ने सम्बन्धमा वडामा छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** यस नगरपालिकामा कार्यरत नगर प्रहरीहरुको हालको पोशाक परिवर्तन गरी समय सापेक्ष बनाउन आवश्यक देखिएकाले खाकी रंगको पोशाकको ब्यबस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.**:-४ भीमेश्वर नगरपालिकामा चालु आ.व. ०७९/८० को स्वीकृत कार्यक्रम संचालन गर्न संलग्न बमोजिमको बार्षिक कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**: भीमेश्वर नगरपालिका वडा नं. ५ मा निर्माण गरिएको मयूर पार्कको संरक्षण र संचालन गर्न सोहि वडामा बस्ने श्री होमबहादुर खत्रीलाई पार्क तथा पार्कमा रहेका मयूरको संरक्षण गर्ने गरी एक बर्षका लागि नि:शुल्क मयूर पार्क संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो | साथै निजलाई प्रति महिना खाजा खर्च तीनहजारका दरले वार्षिक छत्तिस हजार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६**: भीमेश्वर नगरपालिकामा ब्यवस्थित बसपार्क निर्माण गर्न बिगतमा गरिएका अध्ययन प्रतिवेदन तथा बर्तमान अवस्था समेतलाई मनन गरी हाललाई वडा नं ३ मा रहेको बसपार्कमा ठुला बसलाई र साना जिपहरुलाई कालिन्चोक माध्यामिक विद्यालय अगाडी लामाचौरमा ब्यबस्थापन गर्ने र दीर्घकालीन बसपार्क निर्माण गर्न बर्षेडांडापारी सामुदायिक वनको लामोसाँघु –जिरी सडकको अप्पर बाईपास आसपा क्षेत्र छनौट गर्ने निर्णय गरियो

**निर्णय नं.७**: नेपाल सरकारको बजेट बक्तब्य र स्वीकृत वार्षिक कार्यक्रम बमोजिम चालु आ.ब.०७९/८० का लागि स्थानीय तहमा प्राबिधिक सहायक, रोजगार सहायक पदपूर्ति मापदण्ड २०७८ बमोजिम रोजगार सहायक र स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०७९ बमोजिम १/१ जना कृषि स्नातक र पशु चिकित्शक करार सेवामा लिन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**: भीमेश्वर नगरपालिकाद्वारा आ.ब. ०७९/८० का लागि स्वीकृत कार्यक्रम मध्ये भौतिक निर्माण तर्फका योजनाहरु मध्ये

(क) उपभोक्ता समितिले कामगर्न नसक्ने जटिल प्रकृतिका काम

(ख) ३० लाख भन्दा बढीका काम वोलपत्र प्रक्रियाद्वारा गर्ने र

(ग) अन्य काम उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**: भीमेश्वर नगरपालिकाका नागरिकलाई योग र आयुर्वेद सेवाको बिस्तार गर्न ब्यबस्थित आयुर्वेद अस्पताल र आँखा अस्पताल निर्माण गर्नका लागि चरिकोट आसपासमा उपलब्ध हुनसक्ने जग्गा पहिचान गरी सिफारिस गर्न तपशिल बमोजिमको जग्गा सिफारिश समिति गठन गर्ने निर्णय गरियो।

**तपशिल**

क) श्री नबिन कुमार लामा ................ संयोजक

ख) श्री तारानाथ चौलागाई ..................सदस्य

ग) श्री हरिशरण सिवाकोटी ..................सदस्य

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घ) श्री खेम कुमारी श्रेष्ठ .. ............... सदस्य

ङ) श्री रामजी थापा ...नक्सा शाखा सदस्य सचिव

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.१०:** भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित बीच बजारमा रहेको भेटेनेरी अस्पताल अगाडीको जग्गा वजार विस्तार र व्यवस्थापनका लागि लिजमा (भाडामा) लिन प्रक्रिया अगाडी बढाउने गर्ने निर्णय गरियो।

**निर्णय नं. ११:** नगरपालिकाद्वारा निर्मित तपसिलका संरचना निम्न वमोजिम गर्ने निर्णय गरियो |

क) सातदोबाटो सपिंग कम्प्लेक्स र भीमेश्वर रङ्गशालाका सटरहरु भाडामा लगाउन बोलपत्र प्रकाशन गर्ने |

ख) पाखालती भवनको लागि हालसम्मको भाडा लिई ३ महिनाको धरौटी राख्न लगाई २०७९ श्रावण १ गतेदेखि सोहि दरमा एक बर्षका लागि नविकरण गरिदिने र सम्झौता गर्न नआएमा बोलपत्रका लागि १५ दिने सूचना प्रकाशन गर्ने |

ग) भीमेश्वर प्रवेशद्वार, भ्युटावर, चम्पुजा पार्क, र अफिस क्यान्टिनका साबिक बमोजिमनै सम्झौता नविकरण गर्ने।

घ) जेष्ठ नागरिक आरोग्य केन्द्रको सम्बन्धित वडाको समन्वयमा रेखदेख तथा संचालन गर्न एक बर्षका लागि सम्झौता गर्ने |

**निर्णय नं१२:** नेपाल सररकारले भू -उपयोग ऐन २०७६ कार्यान्वयन गर्न प्रत्येक पालिकाले आफ्नो भू-उपयोग योजना निर्माण गर्नुपर्ने नीतिगत ब्यबस्था गरे बमोजिम यस नगर पालिकाको भू-उपयोग योजना निर्माण गर्न जग्गाको उपयोगलाई वर्गीकरण गर्न तपशिल बमोजिमको भू-उपयोग बर्गिकरण सिफारिस समिति गठन गर्ने निर्णय गरियो।

तपशिल

क) श्री स्टालिन श्रेष्ठको ......... ..संयोजक

ख) श्री तारानाथ चौलागाई ...........सदस्य

ग) श्री माधव थामी........ ............सदस्य

घ) श्री रामजी थापा ................नक्सा शाखा सदस्य सचिव

**निर्णय नं.१३:-** यस नगरपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन २०७४ को दफा ८ मा भएको ब्यबस्था बमोजिम नगर कार्यपालिकाद्धारा मनोनयन गर्ने तपशिल बमोजिमका कार्यपालिका सदस्य दुइ जना नगर शिक्षा समितिमा मनोनय गर्ने निर्णय गरियो।

क ) श्री मुना श्रेष्ठ .......................... महिला सदस्य.

ख) श्री गोरे बहादुर सार्की .....................दलित सदस्य

**निर्णय नं.१४:-** भीमेश्वर नगरपालिकालाई आवश्यक पर्ने कानुनी सल्लाह प्रदान गर्न न्युनतम पारिश्रमिकमा काम गर्न ईच्छुक अधिवक्ताहरुबाट आवेदन माग गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो। साथै सूचनामा पारिश्रमिकका अतिरिक्त अनुभव तथा अन्य आवश्यक बिषय समेत समावेश गर्ने निर्णय गरियो |

**निर्णय नं.१५:-**बागमती प्रदेश सरकारको चालु आ.ब.०७९/८० को स्वीकृत कार्यक्रमबाट आलु भण्डार केन्द्र निर्माण गर्न वडा नं.९ का किसान मध्येअधिकतम लागत साझेदारी गर्ने र कामको सक्रियताका आधारमा व्यक्ति / समुहको छनौट गर्नेगरी सुचना प्रकाशन गर्ने निर्णय गरियो।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**बिबिध.१६**:- यस नगरपालिकावाट चालु आ.व.मा तपसिलका सडकको DPR गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो |

(१) देउराली – चदर्खा,दोल्ती खोला सडक ........................................ वडा नं. १
(२) रामपा –डोकथली सडक ........................................ वडा नं. २
(३) अनाथालय –सिंग वन सडक ........................................ वडा नं. ५
(४) पिपलबोट –कृष्णहरे सडक ........................................ वडा नं. ४
(५) अनाथालय –सुनखानीडाँडा – मथानी सडक ........................................ वडा नं. ५
(६) भ्युटावर –भन्ज्याङ सडक ........................................ वडा नं. ६
(७) घेवापानी –सेरा-माझगाउँ –कुप्री सडक ........................................ वडा नं. ७
(८) ठुल्नागी – माने –फुयालगाउँ –मान्द्रा –कार्कीगाउँ सडक .................... ..वडा नं. ८
(९) भण्डारे –एक्लेचौर –चिसापानी –हल्हले सडक ........................................ वडा नं. ९
(१०) मनमोहन मार्ग ........................................ वडा नं. ९

**निर्णय नं. १७**:- यस नगरपालिकाको भौतिक पूर्वाधारहरुको गुणस्तर परिक्षण कार्यका लागि स्वीकृत कार्यक्रम Lab भवन निर्माणका गर्न नगरपालिकाका प्राविधिक कर्मचारीले छनौट गरे बमोजिम नगरपालिका परिसर भित्र उचित स्थानमा निर्माण गर्ने निर्णय गरियो |

**निर्णय नं. १८**:- यस नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम वमोजिम "ग " बर्गका अपाङ्ग हरुलाई मासिक रु ५००/- उपलब्ध गराउने सम्बन्धमा संम्बन्धित वडाबाट छनौट तथा सिफारिस भै आएका "ग" बर्गका अपाङ्गहरु पहिचान गरी स्वीकृत बजेट भित्र रही जनही मासिक रु ५००/ (पाँचसय) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १९**:- राष्ट्रिय युवा परिषदले युवा लक्षित उद्धमशिलता तथा वित्तीय साक्षारता कार्यक्रम संचालन गर्ने परिपत्र गरेकोमा भीमेश्वर नगरपालिकाले पनि उक्त कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २०**:- नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम सडक सौन्दर्य अन्तर्गत २ (दुई) स्थानमा सेल्फी shign र imaging होर्डिङ बोर्ड राख्न दोलखा उद्योग वाणिज्य संघसँगको सहकार्यमा कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २१**:- नगरपालिकाकलागि कृषि बिभाग अन्तर्गतको कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रबर्द्धन केन्द्रले कृषि उपज विक्री स्थलको बजारको DPR का लागि प्रस्ताव आवहान गरेकोले भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित लामाचौरमा आधुनिक कृषि उपज बजार निर्माण गर्न DPR (बिस्तृत परियोजना प्रस्ताब) का लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २२**:- निर्णय नं. ८ मा तीसलाख सम्मका योजनाहरु मात्र उपभोक्ता समितिद्वारा कार्यान्वयन गर्ने भनिएतापनि जिल्ला प्रशासन गेट –पुरानो जिल्ला विकास समितिको सभाहल मोडसम्मको सडक ट्रयाक खोल्ने काम सरकारी कार्यालय र कोटीहोम ब्यबस्थापन समिति सँगको समन्वयमा तत्काल कार्यान्वियन गर्नुपर्ने भएको र ठेक्का प्रक्रियामा जादा समय बढी लाग्ने र उचित समन्वय समेत हुन कठिन हुने हुँदा उक्त योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत